# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय, "निर्धन भवन," भगवतीबहाल, नक्साल, काठमाण्डौ

नं: ९७७-१-४४१३७११,४४१३८४०, फ्याक्स: ९७७-१-४४१३८५६, Email: info@nirdhan.com.np


## एक्काइसौं वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६।०८।१९**

**श्री शेयरधनी महानुभावहरु,**

यस संस्थाको संचालक समितिको मिति २०७६।०८।१६ गतेको २५५ औं बैठकको निर्णय अनुसार यस संस्थाको एक्काइसौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७६।०९।१३ गते आइतबार, तदनुसार डिसेम्बर २९, २०१९

समय : विहान १०:३० बजे

स्थान : संस्थाको केन्द्रीय कार्यालयसंगै दक्षिण तर्फ रहेको Celebration Banquet पार्टी प्यालेस, भगवतीबहाल, नक्साल, काठमाडौं

**छलफलको विषय सूचीः**

**क. सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७५/०७६ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अन्य अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको मिति २०७६ साल आषाढ मसान्तको चुक्ता पूँजी रकम रू. १,२०,००,००,०००। (एक अरब बीस करोड) को १५.५३ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रकम रू. १८,६३,१५,७८९।– नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिश माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७६/०७७ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हालको बाह्य लेखापरीक्षक श्री आर पराजुली एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स, बिराटनगर पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

(५) संस्थाको संचालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

**ख. बिशेष प्रस्तावः**

(१) संचालक समितिबाट सिफारिश तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृति भए बमोजिम आ.व. २०७५/०७६ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूँजीको २५ प्रतिशतले हुन आउने रकम रू. ३०,००,००,०००। (अक्षरेपी तीस करोड) बराबरको बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने ।

(२) संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि गर्नेः प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(३) संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

(४) संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको ब्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविधः-**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

१. एक्काइसौं वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि संस्थाको शेयर दाखेल खारेजको काम मिति २०७६/०८/३० देखि २०७६/०९/१३ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७६/०८/२९ गतेसम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन तथा आ.व. २०७५/०७६ को नगद लाभांश तथा बोनस शेयर पाउन योग्य हुनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरूले आफ्नो शेयर प्रमाणपत्र वा संस्थाको शेयर अभौतिकिकरण गरेको विवरण देखिने DEMAT Account Statement र आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र साथमा लिएर आइदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।

३. शेयरधनीज्यूहरूको ठेगानामा हुलाक/कुरियरबाट पठाइने एक्काइसौं वार्षिक साधारण सभाको प्रतिवेदन यस संस्थाको वेभसाइट www.nirdhan.com.np मा पनि हेर्न सकिनेछ । कुनै कारणले प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीज्यूहरूले यस संस्थाको केन्द्रीय कार्यालयसँगै दक्षिण तर्फ रहेको Celebration Banquet, पार्टी प्यालेस भगवतीबहाल, नक्साल, काठमाण्डौको सभा स्थलमा सभा हुने दिन प्राप्त गर्न सक्नु हुनेछ ।

४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालय, भगवतीबहाल नक्साल, काठमाण्डौमा साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र यस संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु पर्नेछ ।

५. प्रतिनिधि नियुक्ति गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।

६. नावालक वा विक्षिप्त शेयरधनीज्यूहरूका तर्फबाट संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

७. शेयरधनीज्यूहरूबाट ब्यक्त गरिएका प्रश्न, जिज्ञासा वा मन्तब्यहरूको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिनुहुनेछ ।

८. शेयरधनीज्युहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान ९.०० बजेदेखि खुल्ला रहनेछ ।

९. अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, भगवतीबहाल नक्साल, काठमाण्डौमा सम्पर्क गर्नुहुन अनुरोध छ ।